नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७६/७७

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी **श्री उमेश कुमार ढकालज्यूको** अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञसी मार्फत जानकारी गराइएको छ ।

१. COVID-19 Crisis Management Center छाउनी, काठमाण्डौंको प्रेस विज्ञप्ति नं. ४०, ४३ र ४४ क्रमशः मिति २०७७/०३/१८, २१ र २२ गतेको प्राप्त विज्ञसी अनुसार विदेशमा अलपत्र परेका स्वदेश आउनै पर्ने नेपाली नागरिकहरुलाई सुरक्षित साथ काठमाण्डौं आइपुगेका वागमती प्रदेश अन्तर्गत यस जिल्लामा आउने नागरिकहरुलाई सम्पर्क उप-समिति मार्फत काठमाण्डौंबाट ल्याई तत् तत् स्थानीय तहहरुले व्यवस्थापन गरेका क्वारेन्टाइनमा बस्ने व्यवस्था गर्ने/गराउने ।

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ४५०३ मिति २०७७/०३/१८ गतेको पत्रको व्यहोरा अवगत भई कोभिड-१९ को लक्षण भएका व्यक्तिहरुको Testing गर्ने सम्बन्धि National Testing Guideline 2077 कार्यान्वयन गर्ने/गराउने ।

३. गृह मन्त्रालय (आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा) को च.नं. ६६६ मिति २०७७/०३/२२ गतेको सवारी पास व्यवस्थित गर्ने सम्बन्धि प्राप्त पत्रानुसार यस कार्यालयबाट अन्तर जिल्ला र काठमाण्डौं उपत्यका प्रवेशको लागि सवारी पास जारी भई सवारी साधन सञ्चालन भै रहेकोमा सो सवारी पास अनुमतीको प्रयोगलाई थप प्रभावकारी गर्ने/गराउने ।

४. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ४५४३ मिति २०७७/०३/२२ गतेको निर्णय कार्यान्वय सम्बन्धि प्राप्त पत्रबाट बन्दाबन्दी सहजीकरणका लागि संक्रमणको जोखिमको अवस्था मूल्याङ्कन गरी न्यूनतम स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगरी, मास्क विना मानिसहरुको आवतजावत हुने, भिडभाड गर्ने, सामाजिक दूरी कायम नगर्ने प्रवृत्तिले कोभिड-१९ को जोखिम भयावह हुने अवस्था विद्यमान रहेकोले यस जिल्लका सम्पूर्ण संयन्त्रको प्रभावकारी परिचालन गरी जनस्वास्थय र सुरक्षा मापदण्ड काडाईका साथ पालना गर्ने/गराउने, मास्कको प्रयोग अनिवार्य गराउने अटेर गर्नेहरु उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक कारबाही गर्ने/गराउने ।

५. जिल्ला कारागार, सिन्धुपाल्चोकमा रहेका ७६ वर्षिय पुरुष कैदीको कोभिड-१९ संक्रमण देखिए पश्चात निजको सम्पर्कमा रहेका ४० जना व्यक्तिहरुको मिति २०७७/०३/१८ मा RT-PCR विधिबाट कोभिड-१९ परीक्षणको लागि नमूना संकलन गरी धुलिखेल अस्पतालमा पठाइएकोमा मिति २०७७/०३/२२ मा कारागारमा कार्यरत ५७ वर्षिय पुरुष कर्मचारीमा संक्रमण पुष्टी भएको साथै सोही दिन चौतारा साँगाचोकगढी न.पा. साँगाचोकमा रहेको जुगल बहुमुखी क्याम्पस क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको कोभिड-१९ परीक्षणको लागि नमूना संकलन गरी पठाइएकोमा उक्त क्वारेन्टाइनमा रहेका ५० वर्षिय पूरुष (चौ.सा.गढी न.पा. वडा नं. १४ निवासी) पनि संक्रमीत पुष्टी भएकोले निजहरुको सम्पर्मा आएका व्यक्तहरुको खोजी (Contact Tracing) को लागि जिल्ला RRT को बैठकले गरेको निर्णयानुसार गठित Contact Tracing Team लाई परिचालन गर्ने । Contact Tracing Team ले पहिचान गरेका संक्रमीतहरुको सम्पर्कमा आएका व्यक्तिहरुको RT-PCR विधिबाट COVID-19 परीक्षणको लागि नमूना संकलन गरि पठाउने ।

६. जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकबाट Chain Saw (चेन स) १ थान , Tow Chain (टो चेन) १ थान, ६ थान फगिङ्ग सेनिटाइजर मेसिन खरिद भएकोमा जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा २ थान र नेपाली सेना गोरख वक्स गण, चौतारा, सशस्त्र प्रहरी वल नेपाल, वनदेउ, जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक तथा जिल्ला अनुसन्धान कार्यालय, सिन्धुपाल्चोकमा १/१ थान फगिङ्ग सेनिटाइजर मेशिन उपलब्ध गराउने । अन्य सामग्रीहरु जिल्ला आकस्मिक कार्य सञ्चालन केन्द्र (DEOC) को स्टोरमा राख्ने ।

मितिः २०७७।०३।२३

सुनिता पूरी
सूचना अधिकृत

निवेदन/1